ललितपुर महानगरपालिका
एकद्वार पर्यटन शुल्क व्यवस्थापन तथा कार्यान्वयन समिति
पुल्चोक, ललितपुर, प्रदेश नं ३, नेपाल

**करार सेवाका लागि दरखास्त आह्वान**
प्रथम पटक सूचना प्रकाशन मिति:२०७६/०८/१६
दरखास्तको अन्तिम मिति : २०७६/०८/३०

यस महानगरपालिकाको एकद्वार पर्यटन शुल्क व्यवस्थापन तथा कार्यान्वयन समितिको लागि करार सेवामा रही काम गर्न निम्न लिखित तहको पदमा एकद्वार प्रवेश सेवा शुल्क व्यवस्थापन कार्यविधि, २०७५ को दफा (९) बमोजिम पदपुर्ति गर्नुपर्ने भएकाले यसका लागि इच्छुक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा यस महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पुल्चोक ललितपुरमा रीतपूर्वक भरिएको दरखास्त फारम पेश गर्नुहसन यो सूचना प्रकाशन गरिएको छ ।

**१) दरखास्त विज्ञापन नम्बर र सेवा सम्बन्धी विवरण**

| क्र.स | वि.नं. | करार सेवामा लिने पद र तह | आवश्यक पद सङ्ख्या |
|---|---|---|---|
| १ | १/०७६/७७ | ना. सु. स्तर, पाँचौं तह | १ (एक) |

## २) दरखास्त सम्बन्धी अन्य विवरण

१. **परीक्षाको किसिम** : शैक्षिक योग्यताको प्राप्तांकको आधारमा संक्षिप्त सूची (Short Listing) प्रकाशन र अन्तर्वार्ता ।
२. **दरखास्त दस्तुर** :रु १००/- (एक सय रुपैंया मात्र) ।
३. **दरखास्त पाइने स्थान** : दरखास्त फाराम ललितपुर महानगरपालिका कार्यालयको राजश्व प्रशासन महाशाखा, पुल्चोक ललितपुरबाट प्राप्त गर्न सकिने छ । साथै, दरखास्त फाराम महानगरपालिकाको website www.lmc.gov.np बाट पनि download गर्न सकिनेछ ।
४. **दरखास्त दस्तुर बुझाउने ठाउँ र समय :** ललितपुर महानगरपालिका कार्यालयको सामान्य प्रशासन महाशाखामा कार्यालय समयभित्र बुझाउन सकिनेछ ।
५. **दरखास्त दिने अन्तिम मिति :** २०७६/०८/३० गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बुझाउन सकिनेछ) ।
६. **उम्मेदवारको उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला कर्मचारीको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

७. **आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको ।

८. **दरखास्तसाथ उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) शैक्षिक योग्यताको लब्धाङ्कपत्र (SLC / SEE देखि स्नातक तह सम्मको Transcript )

ग) शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र ( SLC / SEE देखि स्नातक तह सम्मको Character Certificate )

घ) शैक्षिक योग्यताको समकक्षता / सम्बद्धता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपि

ङ) न्यूनतम एक महिना आधारभुत कम्प्यूटर तालिम लिएको प्रमाण पत्र

९. **संक्षिप्त सूची प्रकाशन मिति** : दरखास्त दिने अन्तिम मिति देखि ७ (सात) दिनभित्र कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराइनेछ । साथै, त्यस्तो जानकारी महानगरपालिकाको वेवसाइटमा समेत प्रकाशित गरिनेछ ।

१०. **अन्तर्वार्ता हुने मिति** : संक्षिप्त सूची प्रकाशन गर्दाको बखत अन्तर्वार्ता सम्बन्धी मिति र समयको जानकारी गराइनेछ ।

११. **तलब तथा सुबिधा** : एकद्वार प्रवेश सेवा शुल्क व्यवस्थापन कार्यविधि, २०७५ को दफा (८) बमोजिम हुनेछ ।

१२. **काम गर्ने स्थान र कामको विवरण** : महानगरपालिकाले तय गरेको कार्य विवरणमा उल्लेख भए बमोजिम हुनेछ ।

**द्रष्टव्यः**

(क) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात संलग्न नगरेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिनेछैन । स्वीकृत भइसकेको दरखास्त फारम छानबिनका क्रममा रित नपुगेको पाइएमा त्यस्तो दरखास्त कुनै पनि समय अस्वीकृत हुनेछ ।

(ख) अन्तर्वार्ता हुने दिन उम्मेदवारले दरखास्तसाथ पेश गरेका कागजातको सक्कलै प्रति साथमा लिई अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १(एक) घण्टा अगावै तोकिएको स्थानमा उपस्थित भई सबै सक्कल कागजात पेश गरी रुजु गराउनुपर्ने छ ।

(ग) रितपूर्वक प्राप्त दरखास्तहरुलाई SEE / SLC, प्रविणता प्रमाणपत्र/१०+२ र स्नातक तहको प्राप्तांकको आधारमा संक्षिप्त सूची तयार गरि प्रकाशन गरिनेछ |

(घ) परिक्षाको कुल अंकभार : १०० हुनेछ जसमा शैक्षिक योग्यता प्राप्तांकको अंकभार ८० प्रतिशत हुनेछ र अन्तर्वार्ताको अंकभार २० प्रतिशत हुनेछ ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(च) उम्मेदवारले यस सम्बन्धमा थप जानकारीको लागि महानगरपालिकाको सामान्य प्रशासन महाशाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।